Website: besishaharmun.gov.np
Email: info@besishaharmun.gov.np
eo@besishaharmun.gov.np

# वेसीशहर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## शिक्षा शाखा

बेसीशहर, लमजुङ
गण्डकी प्रदेश, नेपाल

फयाक्स न. ०६६-५२०२०४
फोन न. ०६६-५२०१५०

प.नं. ०७५/७६
च.नं. १२३४

मिति : २०७५/१०/७

श्री नगरपालिका स्थित संपूर्ण सामुदायिक विद्यालयहरु
वेसीशहर नगरपालिका ,लमजुङ ।

विषयः प्रस्तावना सहितको योजना माग सम्वन्धमा ।

प्रस्तुत विषयमा आ.व.२०७५/०७६ को लागि शिक्षा तथा मानव श्रोत विकास केन्द्र सानोठीमीबाट यस वेसीशहर नगरपालिका शिक्षा शाखामा उत्कृष्ट सिकाइ उपलव्धी भएका विद्यालयहरुलाई सिकाइ सुदृढिकरण तथा कार्य सम्पादनमा आधारित अनुदान कार्यक्रमहरु प्राप्त भएको हुँदा तपसिल वमोजिमको प्रकृया पुरा गरी मिति २०७५ माघ मसान्त भित्र यस नगरपालिकाको शिक्षा शाखामा निवेदन पेश गर्नु हुन जानकारीको लागि अनुरोध छ ।

तपसिलः

१. उत्कृष्ट सिकाइ उपलव्धिका भएका विद्यालयको हकमा :
   क) कक्षा ९ र १० को गत ३ वर्षको विद्यार्थी संख्या,SEE परीक्षामा सहभागी संख्या तथा प्राप्ताङ्क नतिजाको विवरण ।
   ख) ३ वर्षको अवधिमा विद्यालयले शैक्षिक सुधारका लागि वनाएको वार्षिक रणनैतिक कार्ययोजना ।
   ग) आगामी ३ वर्षका लागि विद्यालयले तयार पारेको शैक्षिक सुधारको प्रस्तावित योजना ।
   घ) विद्यालय व्यवस्थापन समितिको बैठकको निर्णयको प्रतिलिपी सहितको प्रस्तावना योजना ।

२) न्यून सिकाइ उपलव्धि भएका विद्यालयको हकमाः
   माथि उल्लेखित वुंदा सहित विद्यालयको सिकाइ न्यून हुनका कारणको औचित्य र पुष्टाई सहितको विवरण समावेश गर्नु पर्ने छ ।

३) कार्य सम्पादनमा आधारीत अनुदानमा जाने विद्यालयको हकमा समेत उत्कृष्ट सिकाइ उपलव्धि प्राप्त विद्यालयको जस्तै प्रस्तवना पेश गर्नु पर्ने छ ।

२०७५/१०/७
Govindaraj Pokhrel
गोविन्द राज पोखरेल
Asst.Chief Administrative Officer

नोटः सूचनाको लागि वेसीशहर नगरपालिकाको वेव साइटमा समेत हेर्नु हुन अनुरोध छ।